# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३) देवदह नगरपालिका, मितिः २०७७/०२/३० (संख्या १**


## भाग–२

### देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७७ सालको कार्यविधि नं. १

### कार्यविधिको नाम : देवदह नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७/०२/२९

**प्रस्तावना**: स्थानिय सरकार संचालन ऐन २०७४ को (परिच्छेद ३) दफा ११ को उपदफा २ को (घ) बमोजिम यस देवदह नगरपालिकाको प्रमुख आय स्रोतको रुपमा रहेको नदिजन्यपदार्थहरु

जस्तै ढुङ्गा, बालुवा, गिट्टी, मिस्कट, भस्कट र दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको दिगो ब्यबस्थापन एवं सदुपयोग गर्दै नगरपालिकाको आय बन्दोबस्ती समेत गर्न बाञ्छनीय भएकोले सोही ऐनको को दफा ११ को अधिकार प्रयोग गरी देवदह नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "देवदह नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि देवदह नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(३) यो कार्यविधि देवदह नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति" भन्नाले यस कार्यविधि को दफा १२ बमोजिमको अनुगमन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ख) "वडा स्तरीय अनुगमन समिति" भन्नाले यस कार्यविधि को दफा १३ बमोजिमको"वडा स्तरीय अनुगमन समिति" लाई सम्झनु पर्दछ ।

(ग) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग र स्क्रीनिङ्ग प्लाण्ट सहितको क्रशर उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(घ) "कार्यविधि" भन्नाले देवदह नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

(ङ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नापजाँच गर्न का लागि वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(च) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला,खहरे,नहर र कूलोले बगाई ल्याई नदी किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको वा थुप्रिएको ढुङ्गा, बालुवा, गिट्टी मिस्कट, भस्कट ,दहत्तर बहत्तर तथा गेग्रानलाई सम्झनु पर्दछ ।

(छ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण भन्ने सम्झनुपर्दछ ।

(ज) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन भन्ने सम्झनु पर्दछ ।

(झ) "व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

(ञ) "शुल्क" भन्नाले नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

(ट) "परिमाण" भन्नाले घाटगद्दीमा रहेका नदिजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशका सम्बन्धित मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ड) "प्रतिवेदन" भन्नाले IEE, EIA report, प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति र वडा स्तरीय अनुगमन समिति ले दिएको लिखित प्रतिवेदनलाई जनाउँदछ ।

## परिच्छेद-२

## उत्खनन्, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था

**३. वातावरणीय अध्ययन :**

(१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री गर्नु अघि नगरपालिकाले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(२) नगरपालिकाले नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

**४. कार्ययोजना बनाउने**

(१) नगरपालिकाले देहायका कुराहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी वार्षिक कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) अनुमानित परिमाण मध्ये नगरपालिकाको पूर्वाधार निर्माणको लागि चाहिने परिमाण, आयोजनालाई दिन सकिने परिमाण र ठेक्का लगाइने परिमाणको बाँडफाँड ।

(घ) भण्डारण वा घाटगद्दी स्थल ।

(ङ) बिक्री वितरणको प्रक्रिया ।

(च) संकलनको विधि र प्रयोग हुने मेशिनरी औजार ।

(छ) प्राप्त हुने अनुमानित आम्दानी ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १२ बमोजिमको प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिबाट फिल्ड निरीक्षण गराई लिखित प्रतिवेदन लिई नगरकार्यपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजना प्रत्येक आर्थिक वर्षको मंसिर मसान्तसम्म कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिलो वर्षको लागि पुष मसान्त सम्ममा कार्ययोजना पेश गर्न बाधा पर्नेछैन ।

## ५. ठेक्का बन्दोबस्ती तथा दररेट सम्बन्धि व्यवस्थाः

१) नगरपालिकाले आय बन्दोबस्तीका लागि ठेक्का आव्हानको सूचना प्रकाशन, बोलपत्र मूल्यांकन, ठेक्का सम्झौता, ठेक्काको किस्ता असुली सम्बन्धि प्रकृया र बोलपत्र मूल्यांकन समितिको गठन सम्बन्धि व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४७ बमोजिम हुनेछ ।

२) नदजिन्य पदार्थको राजश्वको दररेट प्रति वर्ग फिट रु.१२।- (बाह्र रुपैयाँ) मु.अ.कर बाहेकको हुनेछ । भस्कटको हकमा प्रति घनफुट रु.६।- (छ रुपैयाँ) शुल्क लाग्ने छ ।

## ६. ठेक्का बन्दोबस्ती सम्बन्धि थप व्यवस्था

(१) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट संकलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकासक्षेत्रको स्थान, उत्खनन् सङ्कलन हुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(२) संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ ।

(३) वन क्षेत्र तथा अन्य स्थानबाट नदीजन्य पदार्थ सङ्कलन गर्दा नगरपालिकाले ठेक्का अनुसारको शुल्क र सोमा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित उत्खनन् गर्ने स्थान, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, घाटगद्दिस्थल आदिको पूर्ण विवरण खुलाई व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिनु पर्नेछ ।

(४) कार्यादेश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन्, र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।नगरपालिकाबाट अनुमति लिएका सवारी साधनहरु मात्र उत्खनन् र ढुवानी कार्यमा प्रयोग गर्न पाईनेछ र परिवर्तन गर्नुपरेमा नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(५) नदिजन्य पदार्थ उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुरुप कार्ययोजना स्वीकृत गरि सोही बमोजिमका मेशिनरी औजार मात्र प्रयोग गर्नु पर्नेछ ।

(६) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक

वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा नगरपालिकालेसूचना प्रकाशित गरी नगरपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि संवेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन्मा रोक लगाउन सक्नेछ ।

(७) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनले निषेध गरेको अवधिभर नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा घाटगद्दी गर्ने कार्य गर्न गराउन पाइने छैन ।

(८) नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ । सवारी साधन सुर्य अस्त अघिनै उत्खनन् स्थानबाट बाहिर निकाल्नु पर्ने छ । साथै आवस्यकता अनुसार तोकिएको उत्खनन् समय  कार्यपालिकाले थप घट गर्न सक्नेछ ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने अवस्था भई, स्थानीय बासिन्दाको अनुरोध भई आएमा सम्बन्धित वडाको सिफारिसमा नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिको स्वीकृतिमा प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिले उक्त नदिजन्य पदार्थ हटाउन मेसिनरी औजार तोक्न सक्नेछ । समितिले तोकिएका मेशिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

(१०)नदीजन्य पदार्थ संकलन गर्ने क्रममा संकलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल नगरपालिकामा

बुझाउनु पर्नेछ र नगरपालिकाले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(११) चुरेक्षेत्रमा पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण गर्दा तोकिएको कार्यविधि र मापदण्ड लागु हुनेछ ।

## ७. संकलन भण्डारण र घाटगद्दीको व्यवस्था

(१) नदीजन्य पदार्थको संकलन र घाटगद्दी इजाजत दिनु भन्दा पहिले नगरपालिकाले नदीजन्य पदार्थहरुको संकलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नुपर्नेछ । संकलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा उत्खनन् संकलन स्थलबाट न्यूनतम तिनसय मिटरको दुरी कायम गर्नु पर्नेछ । वनक्षेत्र, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्दी गर्न पाइने छैन ।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन । तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन । तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी तोकिएको जरिवाना गरिनेछ ।

(५) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(६) कार्यादेश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री गर्न पाउने छैन । बिक्री गरेको पाइएमा नगरपालिकाले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ ।

(७) अनुगमन तथा व्यवस्थापन समिति र प्राकृतिक स्रोत राजश्व अनुगमन समितिले नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ ।

(८) सम्झौता बमोजिम नदी खोला खहरे खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पदार्थको विवरण नापजाँच भएपछि व्यवसायीले ३ दिन भित्रसो को विवरण नगरपालिकामा पठाउनु पर्नेछ ।

## परिच्छेद-३
## नदीजन्य पदार्थ बिक्री तथा ओसारपसारसम्बन्धि व्यवस्था

**८. घाटगद्दिस्थलबाट नदीजन्य पदार्थको बिक्री सम्बन्धि व्यवस्था :**

(१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ र नगरपालिकाले प्राकृतिक स्रोत अनुगमन समितिबाट जाँच गराउनु पर्नेछ । उक्त कार्य व्यवसायीबाट निवेदन परेको सात दिनभित्र गराई सक्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन सङ्कलन गर्दा सम्झौता र यस कार्यविधिको प्रतिकूल भए नभएको प्राकृतिक स्रोत अनुगमन समितिको प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) घाटगद्दि गरेको नदिजन्य पदार्थ परिमाणको अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले नगरपालिकाबाट बिक्री अनुमति लिई घाटगद्दीबाट नदीजन्य पदार्थ बिक्री गर्न पाउने छ ।

(४) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन् गरेको पाइए प्राकृतिक स्रोत अनुगमन समितिले त्यस्तो परिमाणको मूल्याङ्कन गरी कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(५) नदीजन्य पदार्थ निकाल्दा कार्ययोजनामा उल्लेख भए बाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्रबाट उत्खनन् संकलन गरेको कारण सो स्थानलाई पूर्ववत् अवस्था कायम गर्नु परेमा प्राकृतिक स्रोत अनुगमन समितिकोसिफारिसमा सोको लागि लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरी पूर्ववत् अवस्थामा ल्याईनेछ ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा कार्ययोजनामा उल्लेखित क्षेत्रमा प्राकृतिक स्रोत राजस्व अनुगमन समितिले रेखांकन गरिदिएको स्थानबाट तोकिएको परिमाणमा देवदह नगरपालिकाको यस कार्यविधिमा तोकिएको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी नगरपालिकाले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको अनुमति लिनुपूर्व सम्बन्धित आयोजनाको लागत अनुमान, कूल अनुमानित परिमाण, हालसम्म अनुमति लिएको परिमाण र माग भएको परिमाणको विवरण सहित नगरपालिकाबाट माग भएको अन्य विवरण पेश गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम सङ्कलन हुने नदीजन्य पदार्थ नगरपालिकाले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्नेछ । घाटगद्दी प्रक्रिया यसै कार्यविधिको दफा ८ बमोजिम हुनेछ । घाटगद्दीबाट नदीजन्य पदार्थ उठाउँदा दफा ९ बमोजिमको प्रक्रिया पूरा गरी लैजानु पर्नेछ ।

**९. घाटगद्दिस्थलबाट ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः**

(१) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन ।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ ।

(घ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(ङ) ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्र वा भित्री सडकमा ढुवानी गर्ने साधनको तौलका सम्वन्धमा नगरपालिकाले विशेष व्यवस्था गरी उच्च भार नियन्त्रण गर्न सक्नेछ ।

(च) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएकोतथा वस्तीहरूमा द्रुत गतिमा ढुवानीका साधन

चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने छैन ।

(१) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोधवा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

२) उत्खनन् क्षेत्र देखि मुख्य सडक सम्म नदिजन्य पदार्थ निकासी ढुवानी गर्दा धुलो उडाई सवारी साधनमा नदिजन्य पदार्थ ओसार पसार गर्न पाईने छैन । धुलो नउड्ने गरी पानी छर्कने कार्य ब्यवसायी स्वयंले ब्यवस्थापन गर्नु पर्ने छ ।

(३) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

**१०. निषेधित कार्यहरु** : यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन्, संकलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) नदीजन्य पदार्थको उत्खनन्, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्नेउद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनका शर्त उल्लंघन गर्न ।

(घ) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न ।

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन् सङ्कलन र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ गरि उद्योग सञ्चालन गर्न ।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन् सङ्कलनतथा बिक्री वितरण गर्न र स्वरुप परिवर्तन हुनेगरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।

(ञ) कार्यविधि विपरित हुनेगरी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, ओसारपसार, बिक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

(ट) नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरीस्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

(ठ) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले निषेध गरेका कार्यहरु गर्न ।

**११. सजायको व्यवस्था** : दफा १० बमोजिमका निषेधित कार्य र यो कार्यविधि वर्खिलाफ हुने कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

## परिच्छेद-४

## अनुगमन मूल्याङ्कन

### १२. प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिः

(१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न नगरपालिकाले प्रमुखको नेतृत्वमा देहायको प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति गठन गर्नेछ ।

क) नगर प्रमुख - संयोजक
ख) नगर उपप्रमुख - सह-संयोजक
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
ङ) योजना शाखा प्रमुख - सदस्य
च) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
छ) राजश्व शाखा प्रमुख - सदस्य
ज) वातावरण शाखा प्रमुख (प्राविधिक कर्मचारी) - सदस्य सचिव

(२) प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिको कार्यविवरण कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

### १३. वडास्तरीय अनुगमन समितिः

(१) दफा १२ बमोजिमको प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिको कार्यलाई सहयोग गर्न नगरपालिकाले नदीसंग सिमाना जोडिएका वडाका अध्यक्षहरु, वडा सदस्यहरु, सम्बन्धीत वडाको वन समिति प्रतिनिधि र सुरक्षा निकायको प्रतिनिधि समेत रहने गरि वडा स्तरियअनुगमन समिति गठन गरिने छ ।

(२) वडा स्तरिय अनुगमन समितिको कार्यविवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विविध

**१४. वातावरणीय पुनःर्स्थापना :**

(१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्द्धन, तटबन्ध निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू-तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरु गर्न नगरपालिकाले योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू-बनौट, प्राकृतिक सुन्दरता, वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न नगरपालिकाले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

**१५. मजदुरको सुरक्षा** : नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री वितरण कार्यमा काम गर्ने मजदुरको बीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री लगायत अन्य आवसयक विषयहरुको व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

**१६. थपघट तथा हेरफेर** : यस कार्यविधिमा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्ने अधिकार कार्यपालिकामा रहने छ ।

**१७. बाधा अड्काउ, फुकाउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**१८. खारेजी र बचाऊ** :

(१) देवदह नगरपालिकाको आर्थिक ऐन लागू भई कार्यान्वयन नहुदासम्म यसै कार्यविधि बमोजिम नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री वितरणसम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

## नदिजन्य पदार्थको उत्खनन् एवं आय बन्दोबस्तीका चरणहरु

**चरण १ : प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने**

**(क) पहिलो पटक उत्खनन् ।**

- उत्खनन् गर्न सकिने क्षेत्रको नाप नक्सा
- उत्खनन् हुन सक्ने परिमाण मापन
- उत्खनन्का शर्तहरु
- गर्न हुने र नहुने कार्यहरु
- क्षति न्युनिकरणका उपायहरु सहितको प्रतिवेदन तयार पारि स्वीकृत गराउने ।

**चरण २ : बोलपत्रको तयारी**

- प्रतिवेदनले मापन गरेको परिमाणलाई र आर्थिक ऐनले तोकेको दरले गुणन गरि न्युनतम अंक कायम गरि BOQ तयार गर्ने ।

- उत्खनन् कार्य र बिक्रि वितरण कार्यको लागि अलग अलग शर्त कायम गरि बोलपत्रको सूचना तयार पार्ने ।
- बोलपत्रका सूचना प्रकाशन, मुल्यांकन, आशयको सूचना र बोलपत्र स्वीकृति ।

**चरण ३ : ठेक्का सम्झौता**

- ठेकेदारलाई कबुलियतनामा गराई ठेक्का सम्झौता गर्ने ।
- पहिलो चरणमा उत्खनन् गर्न र उत्खनन्बाट निकालिएको पदार्थलाई तोकिएको स्थानमा घाटगद्दि गर्ने कार्यको लागि मात्र कार्यादेश दिने ।
- दोस्रो चरणमा घाटगद्दि गरेको पदार्थलाई विक्री वितरण एवं ओसारपसार गर्ने कार्यको लागि मात्र कार्यादेश दिने ।

**विविध :**

१. नदिजन्य पदार्थ उत्खनन् ब्यवस्थापन एवं नियमन गर्न बनेको कार्यविधि २०७७ कार्यपालिकाबाट स्वीकृत भएपछि नगरभित्र घाटगद्दी गरिएका तथा थुपारिएका नदिजन्य पदार्थको प्राप्तीको स्रोत खुल्ने कागजात सहित नगरपालिकामा सम्पर्क गर्न एक पटकका लागि १५ दिने सूचना प्रकाशन गरिनेछ । सो समयभित्र ब्यवसायिले सम्पर्क गरी नदिजन्य पदार्थको दाबी गर्न सक्नेछ । स्रोत खुलेको नदिजन्य पदार्थको हकमा प्रतिघनफिट रु.०.५० (पचास पैसा) शुल्क तिरी नगरपालिकाबाट मौज्दात प्रमाणित गराउनुपर्नेछ । स्रोत नखुलेको नदिजन्य पदार्थको हकमा कार्यविधिको दफा ५ को(२) मा तोकिएको शुल्कको दुई गुणा राजश्व तिरी एकपटकका लागि तोकिएको समयमा नदिजन्य पदार्थ बिक्री बितरण तथा ओसारपसार गर्न अनुमति दिईने छ ।

स्रोत खुलेको कागजात पेश गर्न नसकेमा र नगरपालिकामा दाबी गर्न नआएमा त्यस प्रकारका नदिजन्य पदार्थ नगरपालिकाले जफत गर्ने छ ।

२. यस देवदह नगरपालिकाको सिमा भित्र ब्यवसायिक प्रयोजनका लागि नगरपालिकामा ब्यवसाय दर्ता गरी, क्रशर उद्योगबाट उत्पादित वा प्रशोधित नदिजन्य पदार्थ थुपारेको तथा घाटगद्दि गरेको परिमाण ओसार पसार तथा बिक्री बितरण गर्न ब्यवसायिले परिमाण खुलेको कागजात नगरपालिकामा पेश गर्नु पर्ने छ । नगरपालिकाले ब्यवसायीबाट पेश भएको कागजातको आधारमा स्थलगत को परिमाण नाप जाँच गरि परिमाण दुरुस्त भएमा मौज्दात प्रमाणित गर्न लाग्ने शुल्क प्रतिघन फिट रु.०.५० (पचास पैसा) शुल्क तिरी ओसार पसार तथा बिक्री वितरण गर्न अनुमति दिने छ । यसरी नापजाँच गर्दा ब्यवसायिबाट पेश भएको परिमाण भन्दा बढी परिमाण भएमा ब्यवसायिले नगरपालिकामा प्रति घन.फुट रु. २।००(दुई रुपैयाँ) र सोमा लाग्ने कर तिरी बिक्री वितरण तथा ओसार पसारको अनुमतिपत्र लिनु पर्ने छ ।

३. राष्ट्रिय गौरवका आयोजनाहरुको हकमा निजले नियमानुसार घाटगद्दि गरी नापजांच गरेको नदिजन्य पदार्थ सोही आर्थिक वर्षको आषाढ मसान्त भित्रमा बिक्री वितरण तथा ओसार पसार गरिसक्नु पर्ने छ । घाटगद्दि स्थलमा आ.व. समाप्त भएपछि नदिजन्य पदार्थको परिमाण राख्न पाईने छैन । त्यसरी आ.व. को अन्त पछि घाटगद्दि स्थलमा रहन गएको नदिजन्य पदार्थको परिमाण प्रमाणित गर्नका लागि श्रावण १५ गते भित्र कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ । नगरपालिकाले मौज्दात परिमाण प्रमाणित गर्दा प्रति घ.फु. रु. १।०० शुल्क लिई नदिजन्य पदार्थको मौज्दात प्रमाणित गरी ओसार पसार गर्न आवश्यक समय तोकी अनुमति दिनेछ । श्रावण १५ गते भित्र घाटगद्धी स्थलमा रहेको नदिजन्य पदार्थको मौज्दात प्रमाणित

नगराएमा प्रति घनफिट रु ३ (तिन)का दरले जरिवाना तिर्नुपर्ने छ । साथै उपरोक्त बमोजिम घाटगद्धीमा मौज्दात रहेको नदिजन्य पदार्थ अशोज मसान्त भित्र ओसारपसार गरिसक्नुपर्ने छ । अशोज मसान्त भित्र पनि आयोजना निर्माण स्थलसम्म ओसार पसार गर्न नसकेमा बाँकी रहेको नदिजन्य पदार्थको नापजाँच गरी हुन आउने परिमाणको हकमा कार्यविधिको दफा ५ को (२) मा तोकिएको शुल्क तिर्नु पर्ने छ ।

४. नगरपालिकाले अमानतबाट वा उपभोक्ता समितिबाट गरिने स्थानिय स्तरका आयोजना सम्पन्न गर्न तथा आकस्मीक रुपमा गर्नुपर्ने मर्मत सम्भारको कार्यगर्न प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समितिको निर्णयानुसार आवस्यक नदिजन्य पदार्थको परिमाण एकिनगरी प्रयोग गर्न अनुमति दिन सक्नेछ । साथै त्यसरी प्रयोग गरीने परिमाणको कार्यविधिको दफा ५ को (२) मा तोकिए बमोजिमको शुल्क अग्रीम जम्मा गर्नू पर्ने छ ।

५. उत्खनन् गर्ने कार्य र घाटगद्दिबाट ढुवानी गर्ने कार्यको लागि एकै समयमा कार्यादेश दिईनेछैन । घाटगद्धी गर्न तोकिएको स्थानमा सम्झौता बमोजिमको परिमाण नअटाएमा उक्त घाटगद्दिमा संकलन भएको परिमाण नापजाँच गरी प्राकृतिक स्रोत अनुगमन समितिको सिफारिसमा दोस्रो घाटगद्धी गर्ने स्थल तोकिने छ ।

६. क्शर लगायत सवै प्रकारका नदिजन्य पदार्थ विकी गर्न नगरपालिकामा ब्यवसाय दर्ता गर्नु पर्ने छ ।

७. विद्यालय, धार्मिक स्थल लगायत सार्वजनिक स्थलमा घाटगद्दि गर्न पाइने छैन गरेको पाईएमा स्वतः जफत हुनेछ । साथै ब्यक्तिको जग्गामा घाटगद्दि गर्न वडाको सिफारिस सहित नगरपालिकाको अनुमति लिनु पर्ने छ । नगरपालिकासँग अनुमति नलिइ जग्गाधनीले जग्गा भाडामा दिन पाउने छैन । यदि नगपालिकाको अनुमति विना जग्गा भाडा दिएमा जग्गाधनीबाट

प्रतिकठ्ठा रु.५०००। (पाँच हजार रुपैयाँ)का दरले जरिवाना असुल गरिनेछ ।

८. नदिजन्य पदार्थ उत्खनन् गर्ने कार्यमा प्राकृतिक स्रोत अनुगमन समितिकोअनुमति वेगर कुनैपनि भारि यन्त्र प्रयोग गर्न पाईने छैन ।

९. प्राकृतिक स्रोत अनुगमन समितिको सिफारिसमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले तोकेको मापदण्ड अनुरुप मात्र भारियन्त्र प्रयोग गर्न अनुमति दिईनेछ ।

१०. उत्खनन् गर्ने परिमाण र अवधिको आधारमा भारि यन्त्रको संख्या तय गरिनेछ ।

११. नियमानुसार ठेक्का सम्झौता भई उत्खनन् गर्न तोकिएको परिमाण भन्दा बढी परिमाण नदीजन्य पदार्थ उत्खनन् गर्न पाईने छैन । बढी उत्खनन् भएको परिमाण नगरपालिकाको सम्पत्ति हुनेछ । त्यसमा ठेकदारले कुनै किसिमको हक दावी गर्न पाउने छैन ।

१२. यस देवदह नगरपालिका क्षेत्र भित्र नदिजन्य पदार्थको व्यवसायिक कारोवार गर्ने बोलपत्रदाता (ठेकदार) वा व्यवसायिहरुले थुपारी तथा घाटगद्दि गरी राखेको नदिजन्यपदार्थ चालु आर्थिक वर्षको अन्तसम्म (आषाढ मसान्तसम्म) बिक्री बितरण तथा ओसारपसारको कार्य सम्पन्न गरिसक्नुपर्नेछ । चालु आर्थिक वर्ष भित्रमा सम्पन्न गर्न नसकेमा आफुसंग रहेको मौज्दातको प्रमाण खुल्ने आवस्यक कागजात पेश गरी अर्को आर्थिक वर्षको श्रावण १५ गते भित्र अनिवार्यरुपमा नगरपालिकामा मौज्दात रहेको परिमाण प्रमाणित गर्न लाग्ने शुल्क प्रति घनफिट रु. ०.५० (पचास पैसा) तिरि आफ्नो मौज्दात प्रमाणित गराई सक्नु पर्ने छ । श्रावण १५ गते भित्र घाटगद्धी स्थलमा रहेको

नदिजन्य पदार्थको मौज्दात प्रमाणित नगराएमा प्रति घनफिट रु.२ (दुई) का दरले जरिवाना तिर्नुपर्ने छ ।

१३. नदिजन्यपदार्थ चोरी निकासीमा दण्ड जरिवाना यस कार्यविधिमा उल्लेखित नियम विपरित नदिजन्य पदार्थ उत्खनन् ,चोरी निकासी तथा ओसारपसार गरेमा निम्न बमोमिको दण्ड जरिवाना लाग्ने छ ।

१. टेक्टर रु.३००००।
२. टिप्पर छ चक्का रु.६००००।
३. टिप्पर १०चक्का रु.८००००।
४. जे.सि.भी रु.१०००००।
५. स्काभेटर रु.१०००००।
६. अन्य हेभी उपकरण रु.१०००००।

प्रमाणीकरण मिति : २०७७/०२/३०

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत